**SWIS-H**
STATEWIDE INFANT
SCREENING - HEARING



# म मेरो बच्चाको सुन्ने जांच हुन छनौट गर्दिन। मैले के जान्नु पर्छ?

तपाईंको बच्चालाई जीवनको पहिलो केही हप्तामानै स्वास्थ्य को एक श्रृंखलावद्ध जाँच गरिनेछ। यी मध्ये एक सुन्ने शक्ती ह्रास आउने जाँच हो।

सुनुवाई परिक्षण बच्चा जन्मेको जति सक्दो चाँडो गर्न सिफारिस गरिनेछ र अस्पतालमै वा त्यहाँबाट गएपछी, वा एक स्थानीय समुदायिक स्थानमा गर्न सक्छन्।

आमाबाबुले नवजात शिसुलाई गरेको सुनुवाईका छनोट लागि सहमति प्रदान गर्न इन्कार गर्न सक्छ। यो तपाईको आफ्नो बच्चाको व्यक्तिगत स्वास्थ्य किताब (ब्लु बुक) मा रेकर्ड गरिनेछ। तपाईं लाई आफुले गरेको कारण अस्वीकृत पुष्टि फारममा हस्ताक्षर गर्न आग्रह गरिनेछ।

यदि तपाईंको आफ्नो बच्चालाई जांच गर्न चयन नगर्नु भए पनि, तपाईंलाई अझै पनि स्क्रीन र यसको महत्त्वको बारेमा जानकारी हुनुपर्छ।

## सुनुवाई परिक्षण गर्न किन प्रस्ताव गरिन्छ?

जन्मेका हरेक १००० शिशुहरुमा एक दुई शिशुलाई गम्भिर सुनवाई हानि भएको पाईएको छ।

तपाईंको बच्चाको सही सल्लाह र सहयोग बेलैमा गर्न आफ्नो बच्चाले सुन्छन् कि सुन्दैनन् भनेर यो यथा शिघ्र पत्ता लगाउन महत्त्वपूर्ण छ।

तपाईको शिशुले आफ्नो पहिलो शब्द बोल्ने बेला सम्ममा तिनिहरुले एक वर्ष देखीनै हामीले गरेका कुराहरु सुनिरहेका छन् ।

यदि एक बच्चाले यस समयमा राम्ररी सुनेको छैन भने, उनिहरुको आफ्नो बोली र भाषिक विकासमा प्रभावित हुन सक्छ।

यदि तपाई थप जानकारी चाहनुहुन्छ भने वा तपाई आफ्नो मन परिवर्तन गर्नु भयो भने र आफ्नो बच्चाको जांच गर्न चाहनुहुन्छ भने, सकेसम्म चाँडो आफ्नो स्थानीय SWIS-H कार्यक्रम संयोजक संग सम्पर्क गर्नुहोला।

## म मेरो शिशु हुर्कंदै गएपछि के गर्नुपर्छ?

सुन्ने शक्ती सधैं समान नै रहन सक्छ भन्न सकिदैन। तपाईले आफ्नो बच्चाको बोली र भाषा विकास साथै ध्वनि प्रती उनिहरुको प्रतिक्रियामा निगरानी राख्नु महत्त्वपूर्ण छ।

तपाईं आफ्नो बच्चाको प्रगति को निगरानी गर्न पछाडी दिईएको सूचीसंकेतमा हेर्न सक्नुहुनेछ।

यदि तपाईंले भविष्यमा आफ्नो बच्चाको सुनुवाई वा बोली र भाषा विकास चिन्तित हुनु भयो भने, आफ्नो बच्चाको सुनुवाईका परीक्षण गर्न व्यवस्था गर्नुहोस्। आफ्नो बच्चाको सुनुवाईका परीक्षण गर्न को लागि एक उपयुक्त सेवा गर्न एक सिफारिश को लागि आफ्नो परिवार डाक्टर संग सोध्नुहोला।

सुन्ने परिक्षण कुनै पनि उमेरमा गर्न सकिन्छ।

**थप जानकारीको लागि कृपया तलको वेभसाईटमा हेर्नुहोलाः**

http://www.health.nsw.gov.au/kids-families

स्थानिय सम्पर्क/ भेट्ने विवरणहरु

स्वास्थ्य सेवा परामर्शको लागि *healthdirect Australia* मा सम्पर्क गर्नुहोला।
http://www.healthdirect.gov.au/
**1800 022 222**

**Nepali** - I chose not to have my baby's hearing screened. What do I need to know?

NSW GOVERNMENT | Health

SWIS-H
STATEWIDE INFANT
SCREENING - HEARING

# सुन्ने सूची

| | |
|---|---|
| जन्मे देखी ३ महिना सम्म | चर्को आवाजको प्रतिक्रिया गर्ने |
| | परिचित आवाज वा आवाज संग शान्त बन्ने |
| | Cooing शोर बनाउने |
| | वक्ताले अनुहारमा हेर्दै बोली प्रतिक्रिया गर्ने |
| ३-६ महिना | आवाज तिर आँखा वा टाउको लाने |
| | सुरुका बोली-जस्तै आवाज बनाउने |
| | उनिहरुले कसरी महसुस गर्दैछन् भनेर हाँसेर र हल्ला गरेर देखाउने |
| ६-९ महिना | 'दा दा', 'मा-मा' 'बाबा' गरि गुनगुनाउने |
| | ध्यानाकर्षण गर्नको लागि  चिच्याउने / स्वर निकाल्ने |
| | अक्सर गरेर 'होईन' र आफ्नै नाम जवाफ प्रतिकृया गर्ने |
| | बाद्यगायन र संगीतको प्रतिक्रिया |
| ९-१२ महिना | अरूको आवाज स्वरको अनुकरण बोली गर्ने |
| | सरल शब्दहरू, जस्तै 'बल', 'कुकुर', 'ड्याडी' जस्ता शब्दहरु बुझ्ने |
| | नरम आवाजले पनि टाउको फर्काउने |
| | पहिलो शब्द बोल्ने |
| १२-१८ महिना | प्रत्येक हप्ता केही नयाँ शब्द बुझेको देखाउने |
| | सरल बोलिएका निर्देशनहरु, जस्तै 'बल ल्याउ' भन्दा पालना गर्ने |
| | सोधेको बेला मानिसहरु, शरीरका अंगहरु वा खेलौनाहरू देखाउने |
| | निरन्तर अस्पष्ट भएतापनि नयाँ शब्द सिक्ने र बोल्ने |
| १८-२४ महिना | तिनीहरू नियमित रूपमा प्रयोग गर्ने १००-२०० शब्दहरु नियमित रुपमा प्रयोग गर्ने |
| | सरल कथाहरू वा गीतहरू सुन्ने |
| | छोटो वाक्यांश दुई वा बढी शब्दहरू जोड्ने जस्तै: 'अलि जुसदेउ' |

टिप्पणी:

NSW GOVERNMENT Health

© NSW Health September 2016   SHPN (NKF) 150280